# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

आ.व.:२०८०/०८१

## मटेहिया घाट उत्राही ठेक्का सम्वन्धी सूचना

(सूचना प्रकाशित मितिः२०८०/०४/२१)

यस नरैनापुर गाउँपालिका क्षेत्र भित्र पर्ने राप्ती नदीमा मटेहिया घाट उत्राहीको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा सो घाटको ठेक्का लिन चाहने फर्म वा व्यक्तिहरुले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र दर्ता गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. यस कार्यालयको लक्ष्मी सनराइज बैंक, नरैनापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७४०४८८०८७७०३००६ मा रु ३०००/- जम्मा गरेको बैंक भौचर वा नगद जम्मा रसीद साथमा राखी संस्था अधावधिक नविकरण भएको फर्म इजाजत पत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र र मूल्य अभिवृद्धि करमा दर्ताभएको प्रमाण पत्र तथा आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी ठेकेदार स्वयं वा निजको अधिकार प्राप्त प्रतिनिधि मार्फत निवेदन दिई प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र दाखिला गर्ने सम्बन्धमा बोलपत्र खरिदको अन्तिम दिनको भोलि पल्ट दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ । रितपुर्वक पर्न आएका बोलपत्रहरु सोही दिन १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनहरुमा विदा परेमा सो कार्यहरु त्यस पछिको कार्यालय खुलेको दिनमा हुनेछ ।

२. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घर दैलोमा सूचना टास भएको अथवा पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ । सम्झौता गर्न आउदा भ्याटमा दर्ता भएको प्रमाण लिई आउनु पर्नेछ । तोकिएको समयमा सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ । दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नरैनापुर गाउँपालिकामा सुरक्षित रहने छ ।

३. बोलपत्र भर्दा कबोल अंक अक्षर र अंकमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कबोल अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंक, नरैनापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७४०४८८०८७७०३००६ मा जम्मा गरी सोको सक्कल बैंक भौचर बोलपत्र साथ दाखिल गर्नु पर्नेछ वा नेपाल सरकारबाट बिडबण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको सक्कल बिडबण्ड पनि बोलपत्र साथ पेश गर्न सकिने छ ।

४. ठेक्का स्वीकृत भएपछि ठेक्काको किस्ता रकम सम्बन्धमा कबोल अंकको २ किस्तामा ठेक्का रकम बुझाउनु पर्नेछ । दुई किस्ता रकमको प्रथम किस्ताको रकम नरैनापुर गाउँपालिकाको लक्ष्मी सनराइज बैंक, नरैनापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७४०४८८०८७७०३००६ मा जम्मा गरेको बैंक भौचर बुझाई बाँकी रकमको हकमा २०८१ श्रावण मसान्त सम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको कार्य सम्पादन बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गरे पछि मात्र सम्झौता गरिने छ । नेपाल सरकारलाई तिर्नु पर्ने ऐन नियमानुसार आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ साथै ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको नियमानुसार थप १३% भ्याट बापतको रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ ।

५. रित नपुगी, म्याद नाघी आएको र शर्त राखी आएको बोलपत्र मान्य हुने छैन ।

६. अस्थायी ठेक्का चलनपूर्जी दिईने छैन । सम्झौता नगरी ठेक्का चलन गर्न पाइने छैन । समयमा सम्झौता नगरी ठेका चलनपूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुने छैन ।

७. कर, दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा उठाउनु पर्ने छ । राष्ट्रिय राजमार्गमा र सहायक राजमार्गमा ढाट राख पाईने छैन ।

८. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गारिएको छ ।

९. ठेक्का स्वीकृत हुने ठेकेदारले एकमुष्ट ठेक्का बापतको रकम बुझाउन चाहेमा ठेक्का रकममा १० प्रतिशत छुट दिईने छ ।

१०. ठेकेदारले नियमानुसारको मुल्य अभिवृद्धि कर रकम उठाउन पाउनेछ । सो बाहेक नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धीत कार्यालयमा बुझाउनु पर्ने छ । ठेक्का रकमबाट कटाउन पाईने छैन ।

११. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराई रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्ने छ ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन।

१३. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लीयरेन्स फुकुवा पत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिने छ । सम्मानित अदालत, नेपाल सरकार, नरैनापुर गाउँपालिकाको निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य हुने छ नीति निर्देशन वा आदेशको पालनको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपुर्तिको दाबी यस कार्यालय सँग गर्न पाईने छैन ।

१४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१५. प्रचलित ऐन कानुन र नरैनापुर गाउँपालिका बाँकेले समय समयमा दिएको निर्देशन ठेकेदारले पालना गर्नु पर्नेछ ।

१६. ठेक्काको कर असुल गर्नु पर्ने दर रेटको सुचि तालिका र शर्तहरु कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देखे गरी राख्नु पर्नेछ ।

१७. ठेक्का सम्बन्धमा कुनै बादविवाद परेमा नरैनापुर गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१८. गत विगतमा ठेकेदारले नरैनापुर गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाई बाँकी रहेकोमा निजको टेण्डर स्वीकृत गर्न यस कार्यालय बाध्य हुने छैन ।

१९. यस कार्यालयले निर्देशन दिई दस्तुरी नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुरी लिन पाउने छैन । त्यसरी दस्तुरी नलिई छाडेको रकम यस कार्यालयबाट माग गर्न पाउने छैन

२०. तोकिएको म्याद भित्र ठेकेदारले यस नरैनापुर गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा यस कार्यालयले ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको सयकडा १० का दरले ब्याज समेत ठेकेदारबाट यस कार्यालयले असुल गर्न पाउने छ ।

२१. यस कार्यालयबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही अनुसार हुनेछ ।

२२. सामान्य त्रुटी भएमा यस कार्यालयको निर्णयानुसार हुनेछ ।

२३. विस्तृत जानकारीको लागि कार्यालय समयमा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

२४. मिनाहा माफी सम्बन्धमा : यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलनपुर्जी जारी गरिए पछि कुनै किसिमको माफी हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेक्का रोक्का वा वदर गर्ने निर्णय भएमा अवधिको दामासाहिले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा राजश्व परामर्श समितिबाट सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार मिन्हा माफी दिन सकिने छ ।

२५. अन्य कुरा बुझ्न परेमा यस कार्यालयको वेभसाईट www.narainapurmun.gov.np वा कार्यालयको सूचनापाटी तथा कार्यालय समयमा नरैनापुर गाउँपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

२६. कर संकलन गर्ने स्थान — मटेहिया

२७. घाट उत्राही ठेक्कामा लाग्ने कर

| क.सं. | विवरण | ईकाई | ०८०/०८१ को लागि दर (रु.) मु.अ. कर बाहेक |
|---|---|---|---|
| १ | मानिस | प्रति एकको | ५ |
| २ | चौपाया | प्रति एकको | ५ |
| ३ | जीप, कार | प्रति एकको | ५० |

| | | | |
|---|---|---|---|
| ४ | साइकल | प्रति एकको | ५ |
| ५ | बाखा, बाखी, भेडा, भेडी | प्रति एकको | २ |
| ६ | टाँगा, लडीया खाली | प्रति एकको | २० |
| ७ | टाँगा, लडीया भर्ती | प्रति एकको | ३० |
| ८ | डनलप गाडा खाली | प्रति एकको | २० |
| ९ | डनलप गाडा भर्ती | प्रति एकको | ३० |
| १० | मोटरसाइकल | प्रति एकको | १० |
| ११ | ट्र्याक्टर खाली | प्रति एकको | ४० |
| १२ | ट्र्याक्टर भर्ती | प्रति एकको | ८० |

(क) घाट उत्राहीको ठेक्का लिने ठेकेदारले जीप कार स्टेशन वाइगन आदी तार्न सक्ने डुंगा अनिवार्य रुपले राख्नु पर्ने छ ।

(ख) घाटको एरिया घाटको दाया बाया एक माइल सम्म कायम रहने छ । सो भित्र कसैले सवारी छली लाने नियत गरेमा सोको उत्राही ठेकेदारले असुल गर्न पाउने छ ।

(ग) सरकारी काममा प्रयोगमा हुने जीप कार स्टेशन वाइगन, वैल गाडी आदिको उत्राही रकम ठेकेदारले अशुल गर्न पाउने छैन सूर्योदय देखि सूर्यास्त सम्म ठेकेदारले नाउ चलाउनु पर्ने छ ।

(घ) मानिसले बोकेको झिन्टी गुन्टा, भारी एकमा एक मन भन्दा कम अन्न समेतको माल सामानमा ठेकेदारले उत्राही कर लिन पाउने छैन ।

(ङ) जिल्ला समन्वय समितिको कार्यालय, बाँकेले उपलब्ध गराएको डुंगा साधारण मर्मत गर्न पर्ने भएमा ठेकेदारले स्वंयम मर्मत गराउनु पर्ने छ र सो रकम यस कार्यालयबाट दावि गर्न पाउने छैन ।

(च) डुंगा जिम्मा लिने ठेकेदारको ठेक्का अवधि समाप्त भै अर्को अवधि निजको ठेक्का कायम नभएमा जिल्ला समन्वय समितिको कार्यालयको डुंगा साविक अवस्थामा यस कार्यालयलाई फिर्ता बुझाउनु पर्नेछ ।

(छ) काठको डुंगाको सट्टा स्टीमर प्रयोग गर्नेलाई प्राथमिकता दिईने छ ।

(ज) घाटमा संचालन गरिरहेको डुंगामा अनिवार्य रुपले आपतकालिन अवस्थाको लागि चाहिने सामानहरु जस्तै लाईफ ज्याकेट, ट्युब आदि ठेकेदारले आफ्नो तर्फबाट राख्नु पर्ने छ

(झ) आ.व. २०८०/२०८१ का लागि प्रस्तावित न्यूनतम ठेक्का अङ्क तथा कर सङ्कलन केन्द्र देहाय अनुसार कायम गरिएको छ ।

तपसिलः

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम ठेक्का अङ्क | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद समय |
|---|---|---|---|---|---|
| १ | मटेहिया घाट उत्राही | १०,५०,०००/- | ३,०००/- | कबोल अंकको ५% | १५ दिन |

(मणिराम खराल)
प्रमुख प्रशासकीय अधिकृत